प्रस्तावहरुः

१. उच्च शिक्षाको लागि सिफारिस गर्ने सम्बन्धमा।
२. अध्ययन पूर्व स्वीकृतीको सिफारिस सम्बन्धमा।
३. विद्युत ईलेक्ट्रिसियन सरसफाई कर्ता सम्बन्धमा।
४. विविध सम्बन्धमा।

निर्णयहरुः

१. कर्मचारी समायोजन ऐन २०७५, बमोजिम यस गाउँपालिकामा समायोजन भएका तपसिल बमोजिमका कर्मचारीहरुलाई उच्च शिक्षा अध्ययनको लागि मिति २०८१ असार ३१ गतेको कार्यपालिकाको बैठकको निर्णय बमोजिम PCL Nursing अध्ययन पूर्व स्वीकृतीको लागि प्रदेश प्रमुख सचिव, मुख्यमन्त्रि तथा मन्त्रिपरिषद्को कार्यालय, लुम्बिनी प्रदेशमा सिफारिस गरिएकोमा लुम्बिनी प्रदेश मुख्यमन्त्रि तथा मन्त्रिपरिषद्को कार्यालयको चलानी नम्बर १८, मिति २०८१/०४/०३ को अध्ययन पूर्व स्वीकृति दिएकोमा PCL Nursing को मिति २०८१ श्रावण १९ गतेको प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्को प्रवेश परिक्षामा उत्तिर्ण भएको हुदाँ निजलाई PCL Nursing अध्ययन मनोनयनको लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालय रामशाहथप काठमाण्डौमा सिफारिस गर्ने निर्णय गरियो।

तपसिलः

| क्र.स. | कर्मचारीको नाम/थर | संकेत नम्बर | हालको पदको विवरण | अध्ययन गर्न चाहेको संकाय |
|---|---|---|---|---|
| १. | अनिता थापा | २२१०७० | सि.अ.न.मि.(पाँचौ तह) | PCL Nursing |

२. कर्मचारी समायोजन ऐन २०७५, बमोजिम यस गाउँपालिकामा समायोजन भएका तपसिल बमोजिमका कर्मचारीहरुलाई उच्च शिक्षा अध्ययनको लागि मिति २०८१ असार ३१ गतेको कार्यपालिकाको बैठकको निर्णय बमोजिम BNS/BMS अध्ययन पूर्व स्वीकृतीको लागि स्वास्थ्य सेवा विभाग टेकुमा सिफारिस गरिएकोमा BNS/BMS को मिति २०८१ भाद्र ४

गतेको Medical Education Commission को प्रवेश परिक्षामा उत्तिर्ण भएको हुदाँ निजलाई BNS/BMS अध्ययन मनोनयनको लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालय रामशाहथप काठमाण्डौमा सिफारिस गर्ने निर्णय गरियो।

तपसिलः

| क्र.स. | कर्मचारीको नाम/थर | संकेत नम्बर | हालको पदको विवरण | अध्ययन गर्न चाहेको संकाय |
|---|---|---|---|---|
| १. | शुष्मा रोका मगर | २२८२८६ | सि.अ.न.मि.(पाँचौ तह) | BNS/BMS |

३. ऐरावती गाउँपालिका र अन्तर्गतका वडाहरुमा विद्युतमा आउने समस्या र मर्मतको लागि दैनिक ज्यालादारीमा विद्युत ईलेक्ट्रिसियन र कार्यालयको सरसफाईको लागि सरसफाई कर्ता राख्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो।

४. विविधः

- ऐरावती गाउँपालिका अन्तर्गत वडा नं. १ मा रहेको दाङवाङ मा.विमा निर्माणाधिन भवनको संरक्षणको लागि टेवा पर्खाल निर्माणको लागि आवश्यक बजेट रु १५ लाख उपलब्ध गराउने निर्णय गरियो।
- ऐरावती गाउँपालिका अन्तर्गत शिक्षा शाखामा रिक्त रहेको पदमा शिक्षक विवेक थापालाई काजमा ल्याई काममा लगाउन प्रमुख प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो।
- ऐरावती गाउँपालिका वडा नं. २ हार्बुङ निवासी प्रेम बहादुर गुरुङको श्रीमती सुन्तली गुरुङको आकसमिक निधन भएको हुदाँ उहाँको आर्थिक अवस्था कमजोर भएकोले कृया खर्च रु २० हजार दिने निर्णय गरियो।
- ऐरावती गाउँपालिका वडा नं. १ निवासी रमेश थापको आर्थिक अवस्था कमजोर भएकोले उपचारको लागी रु २० हजार उपलब्ध गराउने निर्णय गरियो।
- ऐरावती गाउँपालिका वडा नं. १ निवासी पुनराम रेश्मी मगरको वर्षातको कारण घरको आगन क्षती भएकोले पुन निर्माणको लागि रु ३० हजार गराउने निर्णय गरियो।

- ऐरावती गाउँपालिका वडा नं. १ दाङवाङ देउरालीमा रहेको जिर्ण रुख कटानको लागि विपद् ब्यवस्थापन बाट रु २० हजार उपलब्ध गराउने निर्णय गरियो ।
- ऐरावती गाउँपालिका वडा नं. १ कोलबाङमा रहेको सल्लिकोट खानेपानी वर्षातका कारण पहिरोले पाईप बगाएकोले पाईप खरिदको लागि विपद् ब्यवस्थापन कोषबाट रु १ लाख उपलब्ध गराउने निर्णय गरियो ।
- ऐरावती गाउँपालिका वडा नं. १ मा हरितालीका तिज पर्व मानउनको लागि तिज विशेष कार्यक्रम गर्न रु ३० हजार विविध शिर्षकबाट उपलब्ध गराउने निर्णय गरियो ।

नविल विक्रम शाह
अध्यक्ष